# घोराही उप-महानगरपालिका
# खेलकुद विकास समिति, दाङ

पत्र संख्या : २०८१/०८२
चलानी नं.: २२०

मिति : २०८१/११/२२

श्रीमान् अध्यक्ष ज्यू,

वडा नं १ देखि वडा नं. १९ को कार्यालय

घोराही उप-महानगरपालिका, दाङ

**विषयः अन्तर वडा स्तरीय उप-मेयर कप महिला फुटबल प्रतियोगिता २०८१ सम्बन्धमा ।**

उपरोक्त विषयमा यहि मिति **२०८१ साल चैत्र १६ गते** शनिबार देखि घोराही उप-महानगरपालिका वडा नं. १८ स्थित नवलपुर खेलमैदानमा घोराही खेलकुद विकास समितिको आयोजनामा हुन गईरहेको **पहिलो संस्करण अन्तर वडा स्तरीय उप-मेयर कप महिला फुटबल प्रतियोगिता २०८१ मा** हरेक वडाबाट महिला फुटबल टिम सहभागी गराईदिनु हुनका लागि सादर अनुरोध छ ।

**दर्ता मितिः** २०८१/१२/१४ गते बिहिबार

**प्रथम पुरस्कारः** रु.२० हजार, प्रथम कप, प्रमाण-पत्र र मेडल ।

**दोस्रो पुरस्कारः** रु.१० हजार, दोस्रो कप, प्रमाण-पत्र र मेडल ।

सर्वोत्कृष्ट खेलाडी र विभिन्न विधामा प्रमाण-पत्र र ट्रफी, अनुशासित वडााको टिमलाई फेयर प्ले टिमले पुरस्कृत गरिनेछ ।

**पुनश्चः** यस पत्रका साथ प्रतियोगिताको नियमावली र खेलाडी दर्ता फाराम पठाइएको छ ।

**सम्पर्क:** ९८५७८५६७८९, ९८४७८५६७८९, ९८६८६४०३७७

नरेन्द्र पुन मगर

**संयोजक**

## अन्तर वडा स्तरीय उपमेयर कप फुटबल प्रतियोगिता २०८१ को नियमावली

१. फिफाको नियम अनुसार खेल खेलाईने छ ।

२. सहभागी खेलाडी उक्त वडाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

३. घोराही उप-महानगरपालिका भित्रका संस्थागत तथा सामुदायिक विधालय तथा कलेजमा अध्ययनरत यस पालिकामा स्थायी बासिन्दा नभएका महिला खेलाडीलाई वडाले आफनो वडाको फुटबल टिममा सहभागीता गराउन पाउनेछ ।

४. संस्थागत तथा सामुदायिक विधालय र कलेजमा अध्ययनरत महिला खेलाडीको जन्मदर्ता, स्थायी ठेगाना, स्कुलको सर्तिफिकेट पेश गर्नुपर्नेछ । सामाजिक शिक्षा विकाश महाशाखा घोराहीमा ति खेलाडी विधार्थीहरु रजिष्ट्रर भएको हुनु पर्नेछ ।

५. वडाबाट सहभागी खेलाडीको सो वडामा बसेको प्रमाणहरु पछि सम्म फरक नपर्ने गरि नागरिकता, बसाइसराई, मतदाता परिपत्र र जन्मदर्ता मध्ये कुनै १ परिचय खुल्ने प्रमाण सहित हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो अनिवार्य हुनु पर्नेछ ।

६. प्रोटेष्ट गर्नुपरेमा रु.३०००/- (तिन हजार रुपैंयाँ मात्र) आयोजकलाई बुझाउनु पर्नेछ । प्रोटेष्ट सफल भएमा ५०% फिर्ता हुने छ । प्रोटेष्ट असफल भएमा १००% आयोजकको हुने छ । प्रोटेष्ट सफल भई कुनै पनि वडाको टिम निष्कासन भएमा सो वडाको टिमले जरिवाना स्वरुप रु.५०००/- आयोजकलाई बुझाउनु पर्नेछ ।

७.हरेक वडाले पिउने पानी, खाजा, मेडिकल सामान, खेलमा प्रयोग हुने खेल सामाग्री, यातायात खर्च आफै व्यवस्था गर्नु पर्नेछ ।

८. खेल नकआउट अनुसार खेलाइने छ ।

९. हरेक वडाका खेलाडीहरु जर्सीमा हुनु पर्नेछ ।

१०. कुनै पनि खेलाडी घाइते भएमा प्राथमिक उपचार आयोजकले गर्नेछ भने बाकी उपचार सो वडाले गर्नुपर्नेछ ।

११. प्रोटेष्ट पहिलो खेल शुरु हुनु भन्दा अगाडी गर्नुपर्नेछ सो भन्दा पछाडी गर्न पाईने छैन ।

१२. एक जना टिम कोच र १ जना टिम व्यवस्थापक अनिवार्य वडाको टिममा हुनुपर्नेछ ।

१३. वडाको टिममा १६ जना खेलाडी हुनु पर्नेछ ।

१४. खेल ३०/३० मिनेट गरी ६० मिनेटको हुनेछ । खेल बराबरी भएमा पेनाल्टी सुटआउटमा खेल खेलाईने छ ।

१५. एक वडाबाट बढीमा २ वटा फुटबल टिम सहभागी हुन पाउनेछन् ।

१६. खेलमा विवाद भएमा अन्तिम निर्णय आयोजकको हुनेछ ।

१७. खेल समय भित्र विवाद भएमा रेफ्रीले दिएको निर्णय लागु हुनेछ ।

घोराही उप-महानगरपालिका
खेलकुद विकास समिति, दाङ